# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (३), संख्या ३, हुप्सेकोट, मंसिर ०६ गते शुक्रबार, २०७६ साल

# भाग २

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**निजी जग्गाको माटो उत्खनन् , संकलन, निकासि (ओसारपसार)सम्बन्धी कार्यविधि, २०७६**

हुप्सेकोट गाउँपालिका

## निजी जग्गाको माटो उत्खनन् , संकलन निकासि (ओसारपसार)सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनः**

स्थानीय स्तरको विकास निर्माणको लागि माटोको सहज आपूर्ति गर्ने, सतह नमिलेको खेतीयोग्य जग्गाको सतह मिलाउने, पोखरी निर्माण गर्दा बढी भएको माटो बिक्री वितरण गर्ने लगायतका कार्यहरुलाइ व्यवस्थित र नियमित गर्न वाञ्छनिय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो निजी जग्गाको माटो उत्खनन् , संकलन निकासि (ओसारपसार) सम्बन्धी कार्यविधि, २०७६ हुप्सेकोट गाउँ कार्यपालिकाले स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद-१

### नाम र परिभाषा

**१.संक्षिप्त नाम तथा प्रारम्भः** (१)यो कार्यविधिको नाम "निजी जग्गाको माटो उत्खनन् ,संकलन निकासि (ओसारपसार) सम्बन्धी कार्यविधि",२०७६ रहेको छ।

(२)यो कार्यविधि हुप्सेकोट गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. 'ऐन' भन्नाले 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४" लाइ जनाउछ।

ख. 'गाउँपालिका" भन्नाले हुप्सेकोट गाउँपालिकालाई जनाउँछ ।

ग. 'कार्यपालिका" भन्नाले हुप्सेकोट गाउँ कार्यपालिकालाई जनाउछ ।

घ. 'अध्यक्ष" भन्नाले हुप्सेकोट गाउँपालिकाको अध्यक्षलाइ जनाउँछ ।

ङ. 'उपाध्यक्ष" भन्नाले हुप्सेकोट गाउँपालिकाको उपाध्यक्षलाइ जनाउँछ ।

च. 'प्रमूख प्रशासकीय अधिकृत" भन्नाले हुप्सेकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ जनाउँछ ।

छ. 'अनुगमन समिति" भन्नाले निजि जग्गाको माटो उत्खनन तथा ओसारपसार प्रयोजनका लागि यस कार्यविधि को दफा ७ बमोजिम गठित समितिलाई जनाउँछ ।

हुप्सेकोट गाउँपालिका

## परिच्छेद २

### निजी जग्गाको माटो उत्खनन सम्बन्धी व्यवस्थाः

**३. अनुमती नलिइ उत्खनन कार्य गर्न नहुनेः** यस गाउँपालिका भित्रका विभिन्न निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न यस गाउँपालिकाको अनुमती नलिई उक्त कार्य गर्न/गराउन पाइने छैन ।

**४. उत्खनन् अनुमती पत्रको प्रकृयाः** क. निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न चाहिने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ख. सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएको गाउँपालिकाको प्राविधिक कर्मचारी (इन्जिनियर, सव इन्जिनियर/असिस्टेन्ट सब इन्जिनियर तथा नापी सर्वेक्षक) ले उत्खनन गर्न चाहेको वा उत्खनन् हुन सक्ने परिमाण एकिन गरी सिफारिस गर्नुपर्नेछ ।

ग. यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सक्ने परिमाण सहित सिफारिस प्राप्त भई आएपछि यस कार्यविधिले तोकिदिएको दररेट अनुसारको राजश्व लिई अनुसूची -१ को ढाचाँमा उत्खनन् तथा ओसारपसार गर्ने अनुमती गाउँपालिकाको प्रशासन शाखाले गर्नेछ ।

घ. उत्खनन् अनुमतीपत्र प्रदान गर्दा उत्खनन् गर्ने जग्गाको क्षेत्रफल, अनुमती दिएको अनुमानित परिमाण, ढुवानीको साधनको नं. उत्खनन् गरी ढुवानी गर्ने अवधि ढुवानी गरि लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनु पर्नेछ ।

**५. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरुः**

क. उत्खनन् हुने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी तथा सवारी साधन व्यवसाय धनीको नागरिकता प्रतिलिपि

ख. उत्खनन हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा

ग. जग्गा धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपति

घ. व्यवसायी तथा जग्गा धनीको संयुक्त निवेदन

ङ. वडाको सिफारिस

**६. उत्खनन् मापदण्ड तथा पालन गर्नुपर्ने शर्तहरुः** क. सार्वजनिक जग्गा, वस्ती, वाटो, विद्यालय, मन्दिर, नदी, ताल, पोखरी, आदि क्षेत्रको २० मिटर वरपर तथा सार्वजनिक जग्गाबाट माटो उत्खन् गर्न पाइने छैन ।

उल्लेखित बमोजिमका २० मिटर क्षेत्र भित्र उत्खनन गर्न दिने सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन अनुमती दिन सकिनेछ ।

ख. गाउँपालिकाको अनुगमन समितिले उत्खनन र ओसारपसार सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । उत्खनन् गर्ने पक्षले अनुगमन समितिले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

ग. मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्यमा रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिई कारवाही गर्न सक्नेछ ।

घ. खेतको सतह मिलाउने प्रयोजनको लागि उत्खनन् गरेको भएमा सँधियारहरुको खेतको सतहको प्रतिकुल हुने गरी उत्खनन गर्न पाइने छैन ।

ङ. माटो उत्खनन् गर्दा जग्गा सम्याउने प्रयोजन बाहेक २ फिट भन्दा बढी गहिरो हुने गरी उत्खनन् गर्न पाइने छैन । संधियारको जग्गाबाट कम्तीमा १.५ मि. छोडी मात्र उत्खनन गर्न सकिनेछ ।

च. उत्खनन् गर्ने कार्य दिनको उज्यालोमा मात्र गर्नुपर्नेछ । उत्खनन गर्ने जग्गाको क्षेत्रफल कम्तीमा १ कट्टा हुनुपर्नेछ।

छ. माटो उत्खनन तथा ओसारपसार गर्दा अनुसूचि-१ र अनुसूचि-२ बमोजिमको अनुमती पत्र साथमा राखु पर्नेछ ।

ज. उत्खनन कार्य समाप्त भएपछि जुन उद्देश्यका लागि उत्खनन् गरिएको हो सो उद्देश्य अनुरुपको कार्य प्रारम्भ गर्नुपर्नेछ ।

झ. निजी जग्गामा उत्खनन गर्दा छेउछाउमा रहेको सार्वजनिक, सरकारी, पर्ति तथा वनको क्षेत्रको जग्गामा उत्खनन गर्न पाइने छैन ।

ञ.पोखरी खन्ने क्रममा माटो बाहेकका नदीजन्य प्रदार्थ मिस्कट, बालुवा, गिट्टी आदि निस्केमा तत्काल कार्य बन्द गरी गाउँपालिकालाई सोको जानकारी दिनुपर्नेछ ।

**७. अनुगमन समिति सम्बन्धि व्यवस्थाः**

क. उपाध्यक्ष -संयोजक

ख. सम्बन्धित वडाको वडाध्यक्ष -सदस्य

ग. सम्बन्धित वडा हेर्ने प्राविधिक कर्मचारी -सदस्य

घ. प्रशासन/राजस्व शाखा प्रमुख -सदस्य सचिव

## परिच्छेद ३

## अनुमति सम्बन्धि व्यवस्थाः

**८ अनुमति लिनुपर्नेः** यस गाउँपालिकाभित्र निजी जग्गामा माछापोखरी खन्नका लागि यस गाउँपालिकामा अनुमती लिनुपर्नेछ।

**९. उत्खनन अनुमती पत्रको प्रकृयाः**

क. माछापोखरी खन्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

ख. अनुमतिका लागि पेश गर्दा पोखरी खन्दा निस्केको माटो त्यहि पोखरी वरपर व्यवस्थापन गर्ने वा बढी माटो बेचविखन गर्ने हो पत्रमा उल्लेख गर्नुपर्नेछ ।

ग. यदि माटो बेचविखन गर्ने हो भने सोको अनुमानित परिमाण समेत निवेदनमा एकीन गर्नुपर्नेछ ।

घ. गाउँपालिकाले पोखरी बनाइ बढी हुन सक्ने माटो ओसारपसारका लागि राजश्व तिरेर अनुमति लिनुपर्ने शर्त सहित पोखरी खन्ने कार्यको लागि अनुमती दिनेछ ।

ङ. पोखरी खन्ने व्यक्तिले पोखरी निर्माण पश्चात बढी हुने माटो ओसारपसारको लागि गाउँपालिका कार्यालयमा पुनः अनुमति माग गर्नुपर्नेछ ।

च. सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएका गाउँपालिका कार्यालयका प्राविधिक कर्मचारीले पोखरी बनाई बढी भएको माटोको नापजाँच गरी परिमाण एकीन गरी सिफारिस गर्नु पर्नेछ ।

छ. यसरी प्रावधिक कर्मचारीवाट उत्खनन् गर्न सकिने परिमाण सहितको सिफारिस प्राप्त भई आए पछि गाउँपालिका कार्यालयले नियमानुसारको राजस्व लिई अनुसूची-१ को ढाँचामा ओसारपसार गर्ने अनुमति दिनेछ ।

ज. ओसारपसार अनुमतिपत्र प्रदान गर्दा ओसारपसार गर्ने माटोको अनुमानित परिमाण ढुवानीका साधनको नं. ढुवानी गरी लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनुपर्नेछ ।

**१०. निवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु**

क. जग्गाधनी तथा सवारी धनी वा माटो व्यवसायीको संयुक्त निवेदन

ख. उत्खनन् हुने जग्गाको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि

ग. उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा

घ. जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ङ. माटो व्यवसायी वा उत्खनन्मा प्रयोग हुने सवारी धनीक धनीको नागरिकताको प्रतिलिपी

**११. पोखरी निर्माण मापदण्ड**

क. बस्ती, बाटो, स्कुल, मन्दिर नदी पोखरी आदिबाट २० मिटर वरिपरि क्षेत्र वरपर पोखरी खन्न पाईनेछैन । उल्लेखित बमोजिमको २० मिटर क्षेत्र भित्र उत्खनन् गर्नुपरेमा गाउँपालिकाको अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरी पयावरणीय तथा नदी सुरक्षको दृष्टिले उत्खनन् गर्दा दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमती दिन सकिनेछ ।

ख. मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्य रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिने सक्नेछ ।

ग. माछापोखरीको निर्माण गर्दा पोखरीको गहिराइ बढिमा ६ फुट भन्दा बढी हुनेछैन ।

घ. साधँबाट कम्तिमा १.५ मिटर छोडेर मात्र पोखरी खन्नुपर्नेछ ।

ङ. उत्खनन् गर्ने कार्य दिनको समयमा मात्र गर्नुपर्नेछ ।

च. अनुगमन समितिले उत्खनन् र ओसारपसार सम्बन्धमा आवश्यक निर्देशन पालना गर्नुपर्नेछ ।

## परिच्छेद ४

## उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनको दर्ता सम्बन्धी व्यवस्था

**१२. गाउँपालिकामा सूचीकृत हुनुपर्नेः** निजी जग्गाबाट उत्खनन् तथा ढुवानी गर्न चाहने सवारी धनीले राजस्व बुझाइ गाउँपालिकाबाट तोकिएको चालु आ.व.का लागि सवारी साधन सुचीकृत गरी अनुमति लिनुपर्नेछ ।

**१३. सूचीकृत सम्बन्धी प्रक्रियाः**

क. सुचीकृत हुनको लागि आफ्नो सवारी साधनको कागजातहरुको फोटोकपी सहित निवेदन पेश गर्नुपर्नेछ।

ख. गाउँपालिकाले कागजात जाचवुझ गरी अनुसूची-२ बमोजिमको ढाँचामा सवारी साधन दर्ता/सुचीकृत गरी उत्खनन् र ढुवानीको लागि अनुमती दिनुपर्नेछ ।

**१४. ढुवानी सम्बन्धी प्रक्रियाः** ढुवानी गर्ने सवारी साधनले त्रिपालले रामोसँग छोपेर र धुलो नउडाइकन ओसारपसार गर्नुपर्नेछ

## परिच्छेद ५

## राजश्व सम्बन्धी व्यवस्थाः

**१५. राजश्व सम्बन्धी व्यवस्थाः** निजी जग्गा वा पोखरीको माटो उत्खनन् तथा ओसारपसार गर्नकालागि देहायबमोजिम राजश्व बुझाउनुपर्नेछ ।

क. उत्खन्न माटो ओसारपोसारको लागि प्रदेश कानुन बमोजिमको राजश्व बुझाउनुपर्नेछ ।

ख. सवारी साधन दर्ता तथा वार्षिक नवीकरण ट्र्याक्टर वार्षिक रु ५००-/, ट्रक / टिपर वार्षिक रु १,०००/- र स्काभेटर जेसिवी वार्षिक रु ३,०००/-

ग. अनुमति लिएको परिमाण भन्दा बढी उत्खन्न गरेमा प्रदेश आर्थिक ऐनमा उल्लेखित राजश्वको १.५ गुणा जरिवाना असुल हुनेछ ।

## परिच्छेद ६

## दण्ड/जरिवान सम्बन्धी व्यवस्था

**१६. जरिवान सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम अनुमति नलिई कसैले निजी जग्गाको माटो तथा नदीजन्य प्रदार्थ उत्खनन् ओसारपसार तथा माछापोखरी निर्माण सम्बन्धी कार्य गरे वा गराएको पाइएमा यस कार्यालयले उत्खनन तथा ओसारपसार कार्यमा प्रयोग भएका सवारी साधन र सामाग्री नियन्त्रणमा लिई हुप्सेकोट गाउँपालिकाको आर्थिक ऐन बमोजिम जरिवाना लिएर मात्र सवारी साधन छाड्नेछ ।

हुप्सेकोट गाउँपालिका

## परिच्छेद -७

## विविध

**१७. समन्वय गर्नुपर्नेः** आफ्नो घर निर्माणको लागि आफ्नै निजि जग्गाबाट माटो निकासी एवम् ढुवानी गर्नपरेमा वडा कार्यालय सँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

**१८.** यो कार्यविधिमा भएका प्रावधानहरु हुप्सेकोट गाउँपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ ।

**१९.** यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित कानून र हुप्सेकोट गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**२०. अनुमति प्राप्त व्यक्ति / साधनले पालना गर्नुपर्ने शर्तहरुः** (अनुमति पत्रको पछाडी राखे कुराहरु)

१. उत्खननका क्रममा भुगर्भबाट माटो बाहेक अन्य बस्तु (बालुवा मिस्कट गिट्टी लगायतका अन्य खनिज पदार्थ) निस्केमा तत्काल उत्खनन कार्य बन्द गरी हुप्सेकोट गाउँपालिकाको कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।

२. यो अनुमती पत्रवालाले सार्वजनिक जग्गा, ताल, पोखरी, वन क्षेत्र, नदी प्रणाली र नदी किनारा देखि २० मिटर, मठ मन्दिर र अन्य कुनै पनि प्रकारको सरकारी जग्गा उत्खनन गर्न पाउने छैन ।

३. यो अनुमती पत्र साथमा नराखी माटो उत्खनन् तथा ओसारपसार गर्न पाइने छैन ।

४. यो अनुमती पत्र अनुसार उत्खनन गर्दा बढीमा ३ फिट भन्दा गहिरो हुने गरी उत्खनन गर्न पाइने छैन । सो भन्दा गहिरो उत्खनन् गर्नु पर्ने भएमा उत्खनन गर्नुको कारण सहित जग्गा धनीको सहमती लिइ हुप्सेकोट गा.पा.को पूर्व स्वीकृत लिनुपर्नेछ ।

५. यो अनुमती पत्रको म्याद माटो उत्खनन एवम् ओसारपोसार गर्न पाइनेछैन । तोकिएको समय भित्र मौसम प्रतिकुल नभइ माटो उत्खनन गर्न नपाएमा अनुगमन समितिले अनुगमन गरी म्याद थप गर्न सकिनेछ ।

६. अनुमती उत्खनन् पत्र नलिई वा अनुमती पत्र लिएतापनि उल्लेखित शर्त पालना नगर्ने उत्खनन तथा ओसारपसार कर्तालाई हुप्सेकोट गाउँपालिकाको निर्णय बमोजिम जरिवाना सहित थप कारवाही हुनेछ ।

७. माथि जे सुकै उल्लेख भएता पनि माटो वाहेक बालुवा मिस्कट भस्कट गिट्टी आदि उत्खनन् तथा ओसारपसार एवं विक्रि वितरण गरेको पाइएमा प्रति १०० घन फिटको रु. २५,०००/- का दरले जरिवाना गरी असुल उपर गरिनेछ ।

८. यस हुप्सेकोट गाउँपालिकाभित्र दर्ता भएको जे.सी.बी./ टिप्पर / ट्र्याक्टर संचालन गर्न पाइनेछ।

९. हुप्सेकोट गाउँपालिकाले उल्लेखित शर्तहरु अनुगमन गर्नुका साथै यो अनुमती प्राप्तकर्ताले हुप्सेकोट गाउँपालिकाको कार्यालयमा समन्वय गर्नुपर्नेछ गर्नुपर्नेछ ।

बोधार्थः

श्री हुप्सेकोट गाउँपालिका

वडा कार्यालय, हुप्सेकोट नवलपरासी ।

नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएको भएमा यस कार्यालयलाई जानकारी गराई अनुमती लिनुपर्नेछ ।

**अनुसूची-१**

**परिच्छेद २ को दफा ४ (ग) तथा परिच्छेद ३ को दफा ९ (छ) सँग सम्बन्धित**

हुप्सेकोट गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

झ्यालवास, नवलपरासी बर्दघाट (सुस्तापुर्व), गण्डकी प्रदेश, नेपाल

मिति.........................

प.सं.

च.न.

**श्री जो जस सँग सम्बन्धित छ ।**

**विषयः माटो उत्खनन् गरि ढवानी गर्ने अनुमति दिईएको**

प्रस्तुत विषयमा. .........................को नाममा दर्ता कायम रहेको हुप्सेकोट गाँउपालिका वडा नं......... कित्ता नं......... को जग्गा क्षेत्रफल.........................बाट देहाय बमोजिमको शर्तको अधिनमा रही माटो उत्खनन् गरि ढुवानी गर्न अनुमति दिईएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

विषयः माटो उत्खनन् गरि ढवानी गर्ने अनुमति दिईएको

१. अनुमति लिने मुख्य व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं.:

२. माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका संधियारहरु

पूर्व तर्फ.... पश्चिम तर्फ...............

उत्तर तर्फ. ... दक्षिण तर्फ...........

३. उत्खनन् गरि ढुवानी गर्ने अनुमानित परिमाणः घनफिट

४. राजश्व बुझाएको विवरण

क. प्राकृतिक स्रोत (माटो) को राजश्व प्रति घनफुट ३ दरले रु..................

५. उत्खननमा प्रयोग हुने साधनहरु-

६. ढुवानीमा प्रयोग हुने साधनहरु-

७. ढुवानी गरि लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो-

८. उत्खनन् र ढुवानीका लागि समयावधिः मिति.................. देखि................. सम्म

बोधार्थ

श्री हुप्सेकोट गाँउपालिका

वडा कार्यालय, हुप्सेकोट गाँउपालिका

नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

हुप्सेकोट गाँउपालिका

## अनुसूची-२

### परिच्छेद ४ को दफा १३ (ख) सँग सम्बन्धित

हुप्सेकोट गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

झ्यालवास, नवलपरासी बर्दघाट (सुस्तापुर्व), गण्डकी प्रदेश, नेपाल

**विषयः निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार अनुमति पत्र**

यस कार्यालयको मिति...................... को निर्णय बमोजिम तपाईलाई निम्न बमोजिमको शर्त पालन गर्ने गरी निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न अनुमति प्रदान गरिएको छ ।

**अनुमति सम्बन्धि विवरण** **अनुमति पत्र नं.**

१. अनुमति प्रदान गरिएको साधनः

२. यान्त्रिक साधन धनीको नाम थरः

ठेगानाः जिल्ला न.पा./गा.पा

दर्ता नं. सम्पर्क नं.

३. अनुमति प्रदान गरिएको मितिः

४. अनुमति कायम रहने मितिः

५. अनुमति दिने अधिकारीको दस्तखतः

नाम थरः

पदः

हुप्सेकोट गाँउपालिका

**नवीकरण सम्बन्धि विवरण**

| नवीकरण गरेको मति | म्याद कायम रहने मति | नवीकरण दस्तुर रु. | बुझाएको नगदी र.नं. | नवीकरण गर्ने अधकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोटः दफा २० मा उल्लेख भएका अनुमति प्राप्त व्यक्ति / साधनले पालना गर्नुपर्ने शर्तहरु अनुमति पत्रको पछाडी राख्नु पर्ने ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०८/५**
**प्रमाणिकरण मितिः २०७६/०८/५**
**प्रकाशित मितिः २०७६/०८/०६**

**आज्ञाले,**
**लिला वल्लभ न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका